# प्रेस काउन्सिल नेपाल

(........................शाखा)

सञ्चारग्राम, तिलगङ्गा, काठमाडौं

प.सं.
च.नं. ६९४/०८२-०८६

## प्रेस विज्ञप्ती

### प्रेस काउन्सिल नेपालको टोलीको बंगलादेश भ्रमण सम्पन्न
### पत्रकारिताको विकासका लागि समझदारीपत्र (MOU) मा हस्ताक्षर

काठमाडौं । बंगलादेश प्रेस काउन्सिलको निमन्त्रणामा प्रेस काउन्सिल नेपालको पांच सदस्यीय टोलीले बंगलादेशको भ्रमण गरेको छ । मंसिर २१ ढाका पुगेको टोलीलाई हजरत साहाजल अन्तर्राष्ट्रिय विमानस्थलको अति विशिष्ट कक्षमा बंगलादेश प्रेस काउन्सिलका अध्यक्ष तथा न्यायाधीस मो.ममताजुद्धिन अहमद र सचिव स्यामुलचन्द्र कमाकरले भव्य स्वागत गर्नुभयो ।

पांचदिने भ्रमणमा रहेको काउन्सिलको टोलीलाई मंसिर २२ गते (डिसेम्बर ७) बंगलादेश प्रेस काउन्सिलमा आयोजित स्वागत तथा अन्तरक्रिया कार्यक्रममा काउन्सिललगायत पब्लिसर तथा इडिटर्स काउन्सिल, साप्ताहिक पत्रिका संगठन, बंगलादेश रिपोटर्स क्लव, ओल्ड जर्नालिस्ट फाउन्डेसन, रुलर जर्नालिस्ट फाउन्डेशन, क्राइम रिपोर्टर सोसाइटी, बंगलादेश टेलिभिजनसहित विभिन्न सञ्चारमाध्यम सम्वद्ध संघसंस्थाका प्रतिनिधिहरुले भव्य स्वागत गरेका थिए ।

सो अवसरमा भ्रमणटोलीका नेता प्रेस काउन्सिल नेपालका अध्यक्ष बोर्णबहादुर कार्कीले प्रेस काउन्सिल नेपालको बारेमा प्रकाश पार्दै दुई देशका काउन्सिल र सञ्चारमाध्यमहरुबीच आपसी सम्वन्ध प्रगाढ पार्नु र दुईदेशका सरकारका साथै जनस्तरमा सम्वन्ध विस्तार गर्नु भ्रमणको उद्देश्य रहेको बताउनुभयो । पत्रकारिताको विकास साथै दक्षिण एशियाली प्रेस काउन्सिल एलाइन्स गठनवारे छलफल गरिएको र त्यसलाई मूर्तरुप दिनसमेत यो भ्रमण सफल हुने धारणा राख्दै बंगलादेश प्रेस काउन्सिलका अध्यक्ष तथा न्यायाधीस अहमदले यो क्षेत्रको विकासको लागि संगै काम गर्ने, संगै अघि बढ्ने प्रतिवद्धता व्यक्त गर्नुभयो ।

सोही दिन बंगलादेश प्रेस काउन्सिलका सदस्यहरुसंगको छुट्टै छलफलमा दुईदेशका काउन्सिलको संरचना, काम, कर्तव्य, पत्रकारिताका समस्या र चुनौती सम्वन्धमा छलफल हुनुको साथै प्रेस काउन्सिल नेपाल र बंगलादेश प्रेस काउन्सिलवीच पत्रकारिता क्षेत्रको विकासका लागि ३ वर्षका लागि समझदारीपत्र (MOU) मा दुई देशका काउन्सिलका अध्यक्षहरूबाट हस्ताक्षर भयो ।

पो.ब.नं. ३०७७, फोन नं. ४११२६७८, ४११२७९९, फ्याक्स नं. ४११२६९४
Website : presscouncilnepal.org, इमेल: prescoun_mdf@wlink.com.np, Audio Notice Board No : 1618014112678

# प्रेस काउन्सिल नेपाल

(.......................शाखा)

सञ्चारग्राम, तिलगङ्गा, काठमाडौं


प.सं.
च.नं. ५१४/०७३-०७४

भ्रमणका अवसरमा बंगलादेशका उपसभामुख फजल रवी मियां, सञ्चारमन्त्री हसनुल हक, आवास तथा सार्वजनिक निर्माणमन्त्री मुसरफ हुसैन, विदेश राज्यमन्त्री मो.शहरियर आलम, बंगलादेश ल कमिसनका अध्यक्ष खैरुल हक, प्रधानमन्त्रीका प्रेस सल्लाहकार इकबल सोबन चौधरी, सञ्चारमन्त्रालयका सचिव शाहाज्यादी अन्जुमन आरासंग भेटघाट र छलफल हुनुको साथै पार्लियामेन्टको अवलोकन गरियो । सो भेटघाटका क्रममा दुईपक्षीय तथा क्षेत्रीय सम्वन्ध, पर्यटन, विद्युत र कृषि उत्पादन, जनस्तरको सम्वन्ध लगायतमा मिडियाको भूमिकाको विषयमा छलफल भएको थियो ।

भ्रमणका क्रममा नेशनल प्रेस क्लव, साप्ताहिक पत्रिका संगठनमा आवद्ध पत्रकारहरूसँग पनि अनुभव आदान-प्रदान गरियो । टोलीका लागि ढाकास्थित नेपाली दूतावासवाट स्वागत समारोहसहित अन्तर्क्रिया कार्यक्रमको आयोजना गरिएको थियो ।

टोलीवाट वंगवन्धु मेमोरियल म्युजियम र चटगाउं वन्दरगाहको अवलोकन भ्रमण गरिएको थियो । भ्रमणटोलीमा काउन्सिलका अध्यक्ष वोर्णबहादुर कार्की, नेपाल पत्रकार महासंघका अध्यक्ष डा. महेन्द्र विष्ट, काउन्सिल सदस्य एवम् विश्व प्रेस काउन्सिलका प्रथम उपाध्यक्ष किशोर श्रेष्ठ, सदस्य गोविन्दप्रसाद चौलागाईं र मुख्य अधिकृत फविन्द्र भुसालको सहभागिता रहेको थियो ।

**यसैबीच काउन्सिलबाट पछिल्लो पन्ध्र दिनमा निम्नानुसार महत्वपूर्ण कार्यहरू सम्पादन भएका छन् :**

वितरण संपरीक्षण समितिले आव २०७१/२०७२ का पत्रपत्रिकाको वर्गीकरणको कार्य पूरा गरी यही मङ्सीर २१ गते प्रेस काउन्सिल नेपालका अध्यक्षसमक्ष प्रतिवेदन पेश गरेको छ । यसैगरी मङ्सीर १७ गते नेपाल भ्रमणमा रहेको चिनिया प्रतिनिधिमण्डलको स्वागतसहित अन्तर्क्रिया कार्यक्रम आयोजना गरियो । यस्तै प्रधानमन्त्री कार्यालय स्वकीय सचिवालयको तर्फवाट, नेकपा एमालेका केन्द्रीय सदस्य रामकुमारी झाँक्री, नेपाल मजदूर किसान पार्टीका सभासद्द्वय प्रेम सुवाल र अनुराधा थापामगरसहित पाँचजनाले विभिन्न मिडियाविरुद्ध उजूरी-निवेदन दर्ता गराउनुभएको छ । ती उजूरीउपर कारबाही प्रक्रिया प्रारम्भ भएको छ ।

सूचना अधिकारी

दीपक खनाल

मिति : २०७३ मंसिर २७ गते